प्रदेश सरकार
प्रदेश नं. ५
# भौतिक पूर्वाधार विकास मन्त्रालय
बुटवल, नेपाल

प.सं.-०७६/७७ मिति : २०७७/०३/०३
च.नं.- 2806

विषय: वास योजना सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा आगामी २ वर्ष भित्र यस प्रदेशभित्रका सबै घरधुरीहरुमा खानेपानीको पँहुच पुऱ्याउने उद्देश्यले प्रदेश सरकारले कार्ययोजना सहित कार्य अगाडी बढाएकोमा प्रदेश सरकारको एकल प्रयासबाट मात्रै उक्त कार्य सम्भव नहुने भएकाले तहाँ स्थानीय तहबाट आगामी आ.व.को बजेट तर्जुमा गर्दा खानेपानी क्षेत्रलाई उच्च प्राथमिकता दिई प्रदेश समन्वय परिषद्ले गरेको निर्णयानुसार खानेपानी तथा सरसफाई क्षेत्रमा यथेष्ट बजेट विनियोजन गर्ने व्यवस्था हुन समेत पुनःस्मरण गराउँदै खानेपानी तथा सरसफाईको सेवा क्षेत्रको विस्तारमा सहयोग र समन्वयको पुर्ण अपेक्षा सहित यस मन्त्रालयको च.नं. २८०३, मिति २०७७/०२/११ को वास योजना सम्बन्धमा पठाइएको पत्रको छाँयाकपि यसै साथ संलग्न छ । सोही विषयमा वास योजना निर्माण गर्ने क्रममा तहाँ र यस मन्त्रालयको सहकार्यमा तथ्याङ्क सङ्कलन गर्ने कार्य भईरहेकोमा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भईसकेका स्थानीय तहको हकमा सङ्कलित तथ्याङ्क रुजुपश्चात संलग्न वडा तहको योजना तर्जुमा सम्बन्धी नमूना फाराम बमोजिम वडा तहको योजना तर्जुमा गरी योजना प्राथमिकीकरण सहितको संलग्न ढाँचा अनुसारको संक्षिप्त स्थानीय वास योजना खाका तहाँ खटाईएका वास संयोजकको सहयोगमा तयार गर्नुहुनका साथै हालसम्मको यस सन्दर्भमा भएको प्रगति विवरण फाराम संलग्न ढाँचामा मिति २०७७/०३/१५ भित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउने व्यवस्थाका मिलाउनुहुन निर्देशानुसार अनुरोध छ ।

( ध्रुव घिताल )
महाशाखा प्रमुख

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।

Website: mopid.p5.gov.np, E-mail: mopid.pr5@gmail.com, FB page: facebook.com/mopid.p5 Phone: 071-503365